# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.: ०७९/०८०/प्रशासन
च. नं.: १०७४

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७९/०७/०३

विषयः रोजगारमूलक आयोजनाहरु पेश गर्ने सम्बन्धमा।

श्री वडा कार्यालयहरु(सबै)
ति. न. पा., रुपन्देही।

प्रस्तुत विषयमा **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** अन्तर्गत आ. व. २०७९/०८० का लागि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गर्न रोजगारमूलक आयोजनाहरु आवश्यक परेको हुंदा नेपाल सरकारको स्रोतबाट संचालन हुने आयोजना तर्फ **"प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५"** को दफा ७० र **"कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७"** को दफा ४ मा उल्लेखित क्षेत्रभित्र परेको आयोजनाहरु र विश्व बैंकको स्रोतबाट संचालन हुने आयोजना तर्फ **"युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६"** को दफा **२९ मा उल्लेखित अयोजनाहरु दफा ३० र ३१** बमोजिम तहा वडा समिति मार्फत छनौट गरि सिफारिस सहित २०७९ कार्तिक मसान्त भित्र यस कार्यालयको रोजगार सेवा केन्द्रमा पठाउनुहुन अनुरोध छ।

*(नोटः "प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" को* ***दफा*** *७०, "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" को* ***दफा*** *४ र "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६" को* ***दफा*** *२९ संलग्न छन् साथै "प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५", "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" र "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६"* **www.pmep.gov.np** *मा उपलब्ध छ।)*

२०७९/०७/०२

**नारायण अर्याल**
प्रमुख प्रशासकीय अधिकृत

**प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० अनुसार रोजगार आयोजनाका सम्भावित क्षेत्रहरुः-**

१) **कृषि सहकारी तथा पशु विकासः** शीत भण्डार निर्माण, कृषि उपजहरुको प्रोसेसिङ प्लान्ट निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा बेचबिखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती तथा पशुपालन, कृषि वन कार्यक्रम, सहकारी संस्थाहरु आदि।

२) **उर्जा, सिंचाई तथा नदी नियन्त्रणः** कूलो, बाँध, पैनी तथा नहर निर्माण एवं मर्मत सम्भार, जलविद्युत आयोजना र ट्रान्समिसन लाईन निर्माण मर्मत तथा सम्भार, नदी नियन्त्रण, पहिरो नियन्त्रण आदि।

३) **खानेपानी तथा सरसफाईः** मुहान संरक्षण, पाईप बिछ्याउने, ट्यांकी निर्माण, धारा निर्माण, सरसफाई अभियान, शौचालय निर्माण, ढल निर्माण तथा मर्मत सम्भार आदि।

४) **वन तथा वातावरणः** वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत थिनिङ्ग, प्रुनिङ्ग, अग्नि रेखा निर्माण लगायतका कार्यहरु, खालि जग्गामा फलफूलका बिरुवा रोप्ने, सडक र नदि खोला किनारमा रुख रोप्ने, गैर काष्ठजन्य वन पैदावार उत्पादन, व्यावसायिक निजी वन, निजी वन नर्सरी, जडिबुटी खेती, प्रशोधन र बजारीकरण, कृषि वन, वन पैदावारमा आधारित उद्योग स्थापना, वायो इन्जिनियरिङ्ग प्रविधि संरक्षण, पोखरी निर्माण, वातावरण संरक्षण तथा जलवायु अनुकूलन आदि।

५) **पर्यटन प्रवर्द्धनः** पर्यटकीय पदमार्ग, पर्यटन मार्गको निर्माण तथा मर्मत सम्भार, होटल तथा रेष्टुरेन्ट व्यवसायको प्रवर्धन, पर्यटन मार्गमा सेड निर्माण तथा होमस्टे लगायतका ग्रामीण पर्यटन, पर्या-पर्यटन अदि।

६) **सडक यातायातः** एयरपोर्ट, सबै प्रकारका सडक, रेलवे, बसपार्क, पुल, कल्भर्ट, आदिको निर्माण तथा मर्मत सम्भार।

७) **शिक्षा, युवा तथा खेलकुदः** साक्षरता अभियान, कम्प्युटर शिक्षा, विद्यालय खेलकुद कार्यक्रम र खेल मैदान, कवर्ड हल, स्टेडियम, विद्यालय भवन, पुस्तकालय आदि संरचनाको निर्माण तथा मर्मत सम्भार।

८) **पुन निर्माणः** सार्वजनिक/निजी भवन निर्माण, पुरातात्विक सम्पदाको पुननिर्माण आदि।

९) **सामुदायिक पूर्वाधार निर्माणः** पुस्तकालय, वाचनालय, जेष्ठ नागरिक क्लव, सामुदायिक भवन निर्माण, तथा मर्मत सम्भार आदि।

१०) **ठूला तथा राष्ट्रिय गौरवका आयोजनाको** स्थानीय स्तरमा हुने निर्माण तथा मर्मत सम्भार लगायतका श्रममूलक कार्यहरु ( माटोको काम, ग्यावियन वाल, ढुङ्गा काट्ने, नालि बनाउने आदि)

११) **सूचना तथा संचार प्रवधिः** नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय तथा निकायहरु, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरु, स्थानीय तहहरु र बैंक तथा वित्तिय संस्थाहरुको अभिलेख डिजिटाइजेशन गर्ने, बिजनेस प्रोसेस आउटसोर्सिङ्ग, र आईटी इनेवलिङ्ग सर्भिसेज आदि।

**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ अनुसार आयोजना सञ्चालनका क्षेत्रहरुः-**

**यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछः**

**क) सडक निर्माण तथा मर्मत सम्भारः-**

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाँउ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार।

**ख) कृषि तथा सिंचाईः-**

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण एवं मर्मत सम्भार,
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार।

**ग) ग्रामिण खानेपानीः-**

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार।

**घ) स्वास्थ्य तथा सरसफाईः-**

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार,
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार,
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार।

**ङ) शिक्षाः-**

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार।

**च) वन तथा जलाधारः-**

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
- पहिरो तथा नदी नियन्त्रण,
- साना बाँध निर्माण।

**छ) पर्यटनः-**

- पदमार्ग निर्माण तथा मर्मात सम्भार,
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण,
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण।

**युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ अनुसार आयोजनाको ढाँचाः-**

**(१) आयोजनाका लाभग्रहीहरुलाई  रोजगारीमा संलग्न गराउन देहाय बमोजिमको क्षेत्रमा सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा सुधारसम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछः**

**क) सडक मर्मत सम्भारः-**

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाँउ वा नगर जोड्ने सडकको मर्मत सम्भार।

**ख) कृषि तथा सिंचाईः-**

- सिंचाईका लागि कुलो तथा पैनीको मर्मत सम्भार,
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको मर्मत सम्भार।

**ग) ग्रामिण खानेपानीः-**

- खानेपानी आयोजनाहरुको मर्मत सम्भार।

**घ) स्वास्थ्य तथा सरसफाईः-**

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृहको मर्मत सम्भार,
- सार्वजनिक शौचालय मर्मत,
- फोहोर व्यवस्थापनका पूर्वाधारको मर्मत सम्भार।

**ङ) शिक्षाः-**

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेल मैदानको मर्मत सम्भार।

**च) वन तथा जलाधारः-**

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
- पहिरो तथा वाढी नियन्त्रण तथा सो को पूर्वाधारको मर्मत,
- साना बाँधको मर्मत सम्भार।

**छ) पर्यटनः-**

- पदमार्ग, पर्यटकीय क्षेत्र तथा सार्वजनिक स्थलहरुको मर्मात,

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**२) आयोजनाबाट देहायका सार्वजनिक सेवाका कार्यहरु समेत कार्यान्वयन गर्न सकिनेछः**

क) बालबालिका तथा जेष्ठ नागरिक स्याहारसम्बन्धी सेवा,

ख) खेलकुद क्रियाकलापसम्बन्धी सेवा,

ग) बालबालिकाको प्रारम्भिक शिक्षासम्वन्धी सेवा,

घ) स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतनाका क्रियाकलापहरु।

**३) आयोजनाको वित्तिय श्रोतबाट देहायका क्रियाकलापहरु कार्यान्वयन गर्न सकिनेछैनः-**

क) उपदफा (१) र (२) मा उल्लेख गरिएको भन्दा फरक ढाँचाको तथा स्थानीय तहको बार्षिक नीति तथा कार्यक्रममा समावेश नभएका आयोजना,

ख) भूमि अधिग्रहण तथा पुनर्वास आवश्यक पर्ने आयोजना,

ग) पुरातात्विक महत्वका सम्पदालाई नकारात्मक प्रभाव पर्ने आयोजना,

घ) संरक्षित क्षेत्र तथा वातावरणीय जोखिममा रहेका आयोजना,

ङ) भुस्लखन हुन सक्ने, जैविक विविधतामा ह्रास ल्याउने, खानेपानीको गुणस्तर तथा परिमाणलाई घटाउने तथा वातावरणलाई नकारात्मक प्रभाव पर्ने आयोजना,

च) मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा जोखिम सिर्जना गर्ने, र

छ) यस कार्यविधिको परिच्छेद १५ बमोजिमको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाले कार्यान्वयन गर्न योग्य नरहेको भनी निर्क्योल गरेका आयोजना।